


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

तराई, पहाड, हिमाल
साक्षर बनाऔं नेपाल
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ ५ गते बुधबार ❑ 19 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पद तथा गोपनीयताको शपथ पुनः लिनु नपर्ने

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

प्रधानमन्त्री केपी शर्मा ओलीले पद तथा गोपनीयताको शपथ पुनः लिनु नपर्ने भएको छ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको एकल इजलासले आज प्रधानमन्त्रीको शपथसम्बन्धी विवादमा परेको रिट निवेदनमाथिको प्रारम्भिक सुनुवाइबाट अन्तरिम आदेश दिन अस्वीकार गरेपछि पुनः शपथग्रहण गर्न नपर्ने भएको हो।

आदेशमा महान्यायाधिवक्ता कार्यालयमार्फत १५ दिनभित्र लिखित जवाफ पेश गर्न भनिएको छ । वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञवाली, अधिवक्ताहरू लोकेन्द्र ओली, नवराज अधिकारी, सन्तोष भण्डारी, राजकुमार सुवाल गरी छुट्टाछुट्टै चारवटा रिट निवेदन सोमबार दर्ता भएको हो।

रिट निवेदनमा प्रधानमन्त्री ओलीले लिएको शपथमा केही शब्दहरू उच्चारण नै नभएको, जुन कार्य गैरसंवैधानिक भएको र आफू अनुकूल शब्द प्रयोग गरी शपथग्रहण गर्न नमिल्ने उल्लेख थियो । निवेदनमा सङ्घीय संसद्का सदस्य नै नभएका तर मन्त्रीका रूपमा शपथग्रहण गर्नुभएका सातजनाको नियुक्ति अन्तरिम आदेशद्वारा बदर गर्न समेत माग गरिएको थियो। सातमन्त्रीको विषयमा पनि लिखित जवाफ आएपछि मात्रै छलफल हुने आदेशमा छ । रिट निवेदनमा सङ्घीय संसद्को सदस्य नभए पनि प्रतिनिधिसभाको एउटै कार्यकालमा दोहोऱ्याएर मन्त्री बनाइएका सातजनाको नियुक्ति बदर हुनुपर्ने माग गरिएको थियो । रिट निवेदनमा राष्ट्रपति विद्यादेवी भण्डारीले शपथग्रहण गराउँदा प्रधानमन्त्री ओलीले 'प्रतिज्ञा गर्छु' भन्ने शब्दावलीलाई 'त्यो पर्दैन' भनेर वाचन गर्दा राष्ट्रपति संस्थाप्रति मानमर्दन भएको जनाइएको थियो।

रिट निवेदनमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृहमन्त्री रामबहादुर थापा, ऊर्जा, जलस्रोत र सिँचाइमन्त्री टोपबहादुर रायमाझी, उद्योग वाणिज्य र आपूर्तिमन्त्री लेखराज भट, शहरी विकासमन्त्री प्रभु शाह, खानेपानी तथा सरसफाइमन्त्री मणिचन्द्र थापा, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गौरीशङ्कर चौधरी र युवा तथा खेलकुदमन्त्री दावा तामाङलगायत विपक्षी बनाइएको थियो।

## गण्डकीमा एक हजार ६३५ संक्रमित थपिए, १५ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप ४१७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। मंगलबार कास्कीमा १९९ जना पुरुष तथा २१८ जना महिला गरी ४१७ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा प्रदेशमा एक हजार ६३५ जनाको नमुना परीक्षण गरिएकोमा थप ५५९ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ।

कास्कीका ४१७ सहित स्याङ्जाका ८६ जना, बाग्लुङका १२३ जना,पर्वतका ७४ जना, म्याग्दीका २७ जना, मुस्ताङका एक जना, तनहुँका ११२ जना, गोरखाका ३५ जना, लमजुङका ८ जना र नवलपुरका ७६ जना गरी प्रदेशका दश जिल्लामा ४८० पुरुष तथा ४७९ जना महिलामा कोरोना पुष्टि भएको हो । यो सँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ३० हजार पुगेको छ पछिल्लो २४ घण्टामा ४२९ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या २० हजार ३९८ पुगेको छ।

पछिल्लो २४ घण्टामा गण्डकीमा थप १५ जनाको कोरोना संक्रमणका कारण मृत्यु पुष्टि भएको छ। हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ४२२ पुगेको छ।

## आठ हजार २०३ जना संक्रमित, १९६ को मृत्यु

रासस
काठमाडौं, ४ जेठ

पछिल्लो २४ घन्टामा आठ हजार २०३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार २० हजार २८६ पिसिआर परीक्षण गर्दा आठ हजार १३६ र ६९३ एन्टिजिन परीक्षण गर्दा ६७ मा सङ्क्रमण पुष्टि भएको हो।

सो अवधिमा सङ्क्रमणबाट १९६ को ज्यान गएको छ भने छ हजार ८९१ सङ्क्रमणमुक्त भएका छन् । सक्रिय सङ्क्रमित सङ्ख्या एक लाख १४ हजार ५२९ पुगेको छ।

मंगलबार काठमाडौंमा दुई हजार ४९ मा सङ्क्रमण पुष्टि भएको छ । यस्तै ललितपुरमा ३६५ र भक्तपुरमा २२१ संक्रमित थपिएका छन् । काठमाडौंमा सक्रिय सङ्क्रमित २७ हजार ३३९, ललितपुरमा छ हजार ९९० र भक्तपुरमा चार हजार ९१६ छन्।

ती मध्ये एक हजार ५९० जनाको आइसियू र ३९० का भेन्टिलेटरमा उपचार भइरहेका मन्त्रालयले जनाएको छ।

पाँचसय बढी सक्रिय सङ्क्रमित भएको जिल्लाको सङ्ख्या ४१ पुगेको छ । मोरङ, सुनसरी, झापा, रौटहट, धनुषा, पर्सा, महोत्तरी, बारा, सप्तरी, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, नुवाकोट र रामेछापमा ५०० बढी सक्रिय सङ्क्रमित छन् । यसैगरी कास्की, गोरखा, नवरपरासी (पूर्व), तनहुँ, स्याङ्जा, दाङ, बाँके, रूपन्देही, पाल्पा, बर्दिया, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, नवलपरासी (पश्चिम), सल्यान, सुर्खेत, डडेल्धुरा, कैलाली, कञ्चनपुर, बैतडी र अछाममा सङ्क्रमितको संख्या ५०० बढी छ।

सक्रिय सङ्क्रमितको संख्या उच्च भएका जिल्लामा निषेधाज्ञा जारी गरिएको छ। निषेधाज्ञा जारी गरिएनि सङ्क्रमण दर घट्न सकेको छैन । नेपालमा हालसम्म चार लाख ७२ हजार ३५४ मा सङ्क्रमण पुष्टि भएको छ । ती मध्ये ६१.७२ प्रतिशत अर्थात दुई लाख ९१ हजार ५३३ पुरुष र ३८.२८ प्रतिशत अर्थात एक लाख ८० हजार ८२१ महिला छन् । सङ्क्रमितमध्ये तीन लाख ५२ हजार ४१४ सङ्क्रमणमुक्त भएका छन् । सङ्क्रमणमुक्त हुनेको दर ७४.६ प्रतिशत रहेको छ । हालसम्म कोरोनाबाट पाँच हजार ४११ ले ज्यान गुमाएका छन्।

## कार्यविधि बनाउँदै एमाले कार्यदल

रासस
काठमाडौं, ४ जेठ

आन्तरिक विवाद मिलाउने जिम्मेवारी पाएको सत्तारुढ नेकपा (एमाले) को कार्यदलको पहिलो बैठकले आफ्नो कार्यविधि, कार्यक्षेत्र र आचारसंहिता बनाउने निर्णय गरेको छ।

सिंहदरबारमा आज भएको बैठकले उक्त निर्णय गरेको र बुधबार पुनः बैठक बस्ने कार्यदलमा रहेका नेता भीमबहादुर रावलले जानकारी दिए। उनले कार्यविधि, कार्यक्षेत्र र आचारसंहिता तत्काल निर्माण गरी कार्यान्वयन गर्ने जनाउँदै पार्टीलाई एकताबद्धरूपमा अघि बढाउन सद्भाव तथा एकता वृद्धि गर्न, आपसी अविश्वास, अन्तरविरोध, र असहयोगबाट अलग रहन सम्पूर्ण पार्टी पङ्तिलाई हार्दिक आव्हान गर्ने निर्णय पनि भएको बताए । एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीच गत वैशाख ३० र यही जेठ ३ गतेको आपसी सहमतिका आधारमा नेता रावल, नेता सुवासचन्द्र नेम्वाङसहित १० सदस्यीय कार्यदल गठन भएको थियो। आजको बैठकमा काम विशेषले सदस्यहरू विष्णुप्रसाद पौडेल र शङ्कर पोखरेल अनुपस्थित हुनुहुन्थ्यो।

कार्यदललाई एमालेको साङ्गठनिक संरचना २०७५ जेठ ३ (माओवादी केन्द्रसँगको एकतापूर्व) को अवस्था, सहमतिमा जिम्मेवारी बाँडफाँट तथा माओवादीबाट प्रवेश गरेका नेता-कार्यकर्ताको व्यवस्थापनलगायतबारे सुझाव दिन भनिएको छ।

गत फागुन २३ गते सर्वोच्च अदालतको फैसलापछि एमालेको पूरानै संरचना कायम हुनुपर्ने नेता नेपाल पक्षको अडान रहँदै आएको छ।

## जसपामा सहमति, ओली सरकारमा नजाने

रासस
काठमाडौं, ४ जेठ

दुई खेमामा विभाजित जनता समाजवादी पार्टी (जसपा) मा नयाँ सहमति जुटेको छ।

अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवबीच तत्काल सरकारमा नजाने, तर राष्ट्रिय सहमति वा आफ्नै नेतृत्वमा नयाँ सरकार बन्ने अवस्थामा सरकार गठनमा अगाडि बढ्ने सहमति भएको छ। यादव पक्ष नयाँ सरकार गठनको पक्षमा भएपनि ठाकुर पक्ष प्रधानमन्त्री केपी शर्मा ओलीसँग नजिक थिए । प्रधानमन्त्रीले विश्वासको मत लिँदा तटस्थ बसेको ठाकुर पक्षले नयाँ सरकार गठनका लागि नेपाली कांग्रेसलाई पनि साथ दिएन।

यही विवादका कारण पार्टीको कार्यकारिणी समिति बैठकसमेत बस्न सकेको थिएन। तर पछिल्लो तीन दिनयता सहमतिका लागि प्रयास तीव्र भएको थियो। ठाकुर र यादवबीच सम्वाद भएको थियो भने तत्कालीन राजपाबाट मनिष सुमन, मृगेन्द्र यादव तथा समाजवादी पार्टीबाट रेणु यादव, मोहम्मद इस्तियाक राई, प्रकाश सिंह र गंगानारायण श्रेष्ठ लगायतका नेताले दुई अध्यक्षलाई सहमतिमा ल्याउन भूमिका खेलेका थिए। त्यसक्रममा ठाकुर पक्ष तत्काल सरकारमा नजान सहमत भएको छ भने यादव पक्षले कार्यकारिणी समितिको बहुमतका आधारमा निर्णयहरु नगर्ने भएको छ। अध्यक्षद्वय ठाकुर र यादवले संयुक्त वक्तव्य जारी गर्दै तत्काल सरकारमा नजाने प्रष्ट पारेका छन्।

यससँगै प्रधानमन्त्री केपी शर्मा ओलीले अब संसदमा विश्वासको मत लिन जाँदा जसपाको साथ नपाउने पक्का भएको छ। संसदको सबभन्दा ठूलो दलको संसदीय दलको नेता ओलीलाई राष्ट्रपतिले ३० वैशाखमा संविधानको धारा ७६ (३) अनुसार प्रधानमन्त्री नियुक्त गरेका थिए। ३१ वैशाखमा शपथ लिएका प्रधानमन्त्री ओलीले ३० दिनभित्र संसदमा विश्वासको मत लिनुपर्छ।

## नेपालमा देखियो संक्रमणको परिवर्तित रूप

रासस
काठमाडौं, ४ जेठ

नेपालमा कोभिड-१९ सङ्क्रमणको नयाँ परिवर्तित रूप पत्ता लागेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशका विभिन्न भागबाट कोभिड -१९ सङ्क्रमितका नमूना परीक्षण गर्दा नयाँ भेरियन्ट पत्ता लागेको मन्त्रालयका सहप्रवक्ता डासमिर

बाँकी अन्तिम पृष्ठमा ▸▸

## अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सव तथा अन्नपूर्ण म्याराथनको तेस्रो संस्करण स्थगित

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

कास्की, ४ जेठः अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सव तथा अन्नपूर्ण म्याराथनको तेस्रो संस्करण स्थगित गरिएको छ।

कोभिड- १९ को दोस्रो लहर (नयाँ भेरियन्ट)फैलिएको र सो को रोकथामका निम्ति देशका अधिकांश जिल्लामा निषेधाज्ञा भई सभा सम्मेलन जस्ता कार्यक्रम गर्न प्रतिबन्ध तथा कोरोना भाइरसको संक्रमणपछि उत्पन्न परिस्थितिका कारण जुन थर्ड अर्थात अन्नपूर्ण आरोहण दिवसको अवसर गर्ने गरी तय गरिएको सम्पूर्ण कार्यक्रम स्थगित गरिएको अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले जनाएको छ।

समितिका अध्यक्ष ललित गुरुङले तेस्रो संस्करणका कार्यक्रम गर्ने तयारी गरिएको भएपनि ती सबै कार्यक्रम स्थगित गरिएको एक विज्ञप्ति मार्फत जानकारी गराउनु भएको छ। '१९ कै कारण गत वर्षको कार्यक्रम पनि स्थगित गर्नुपरेको र



अहिले पनि नयाँ भेरियन्ट फैलिएका कारण उक्त कार्यक्रमलाई निरन्तर दिन नसकेकोमा क्षमा चाहन्छौं । कोरोना भाइरसको महामारीका कारण अन्नपूर्णआरोहणदिवसकोअवसरमा यस समितिद्वारा २०७८ साल जेष्ठ १८ देखि २० गतेसम्म कास्कीको पर्यटकीय गाउँ घान्द्रुकमा आयोजना गर्ने तयारी गरिएको अन्नपूर्ण सेन्चुरी पर्यटन महोत्सव तथा अन्नपूर्ण म्याराथनको तेस्रो संस्करण स्थगित गरिएको व्यहोरा जानकारी गराउन चाहन्छौं,' विज्ञप्तिमा भनिएको छ।

अन्नपूर्ण आधार शिविरको पर्यटन पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्न विगत तीन वर्षदेखि निरन्तर पर्यटन महोत्सव र अन्नपूर्ण म्याराथन गर्दै हुँदै आएको थियो । अहिलेको प्रतिकूल परिस्थितिका कारण यसवर्षको कार्यक्रम स्थगित भए पनि आगामी वर्षमा पूर्वनिर्धारित समय अनुसार नै कार्यक्रमलाई निरन्तरतादिइनेबताइएकोछ।अन्नपूर्ण म्याराथन तथा पर्यटन महोत्सवका लागि विनियोजित रकम आगामी वर्षमा समेत निरन्तरका लागि समितिले अनुरोध गरेको छ। विासा २०७५ फागुन १५ को हिमपातबाट अन्नपूर्ण आधारशिविरमा आएको हिमआँधिले अन्नपूर्ण आधारशिविरका होटलमा भएको गम्भीर क्षति, भ्रमण वर्ष २०२० घोषणा भए लगत्तै अन्नपूर्ण पदयात्रामार्ग अन्तर्गत हिन्कु केभको भएको दुःखद घटना र अहिले विश्वव्यापी बनेको कोभिड-१९ को दोस्रो भेरियन्ट फैलिएको संक्रमण र त्यसको नियन्त्रण लागि अपनाइएको निषेधोज्ञाका कारण त्यस क्षेत्रको पर्यटन व्यवसायसँगै देशको सम्पूर्ण अर्थतन्त्रमा समेत गम्भीर असर परेको छ।

धाराशायी बन्दै समग्र पर्यटन उद्योग गम्भीर संकटोन्मुख परिस्थितिमा गुज्रिएको अवस्था छ । पर्यटन क्षेत्रलाई धाराशायी हुन नदिनका विषेश राहत प्याकेज कार्यक्रम सञ्चालन गरी अर्थतन्त्रको सवलीकरण गर्नस्थानीय, प्रदेश र संघ सरकारसँग विशेष अनुरोध गरिएको छ।



# आश्रमका विरामीलाई औषधि व्यवसायीसंघ कास्कीको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ जेठ**

नेपाल औषधि व्यवसायी संघ जिल्ला शाखा कास्कीले मानवसेवा आश्रम पोखरा-१७ पोखरामा आश्रय लिएर बसेकाहरुलाई आवश्यक औषधि सामग्री सहयोग गरेको छ।

कोभिड- १९ का कारण आश्रममा आश्रय लिइरहेका विरामीहरुलाई औषधी अभाव भएको भन्ने थाहा पाएपछि सहयोगको गरिएको संघका जिल्ला अध्यक्ष विक्रम .पन्तले जानकारी दिनुभयो । "अहिले कोभिड-१९ का कारण धेरै समस्या छ , आश्रममा अधिकांश मानसिक समस्याका विरामी हुनुहुँदोरहेछ, औषधि व्यवसायी साथीहरुको समन्वया आश्रममा आवश्यक औषधि उपलब्ध गराएका हौ ।" पन्तले भन्नुभयो। उहाँले आश्रमका विरामीले यस अघि प्रयोग गर्दै आइरहेको औषधिको नामलिष्टको आधारमा मानसीक स्वास्थ्यका लागि आवश्यक औषधि सहित एन्टिबायोटिक, भिटामिन, घाउ घटिरा र चोट पटकमा लगाउने



मल्हमहरु आश्रममका जिल्ला संयोजक राजन सापकोटालाई हस्तान्तरण गरेको बताउनुभयो।

संघले विभिन्न अवस्थामा सामाजिक उत्तरदायित्व र मानवीय सेवालाई ध्यान दिदै सामाजिक कार्य गर्दै आएको जनाउँदै करिब ४० हजार बराबरको औषधि मानव सेवा आश्रममा सहयोग गरेको संघका महासचिव पूर्णकाजी बस्नेतले जानकारी दिनुभयो । औषधी वितरण कार्यक्रममा संघका कोषाध्यक्ष मिलन श्रेष्ठ र सदस्य खगेश्वर काफ्ले पनि उपस्थिती रहेको थियो । उक्त आश्रमका जिल्ला संयोजक सापकोटाकाले अहिले कठिन अवस्थामा आश्रमका मनोरोगी विरामी लगायत अन्य विरामीको लागि अत्यावश्यक औषधि सहयोग गरेर मानवीय सेवामा जुटेको बताउनुभयो। सापकोटाका अनुसार आश्रममा विभिन्न कारणले सडकमा कष्टकर जीवन विताउन बाध्य भएका बेसहारा एवम् मनोरोगीहरुलाई सहारा लिदै आएका छन् । सो आश्रममा हाल एक सय ५५ जना रहेका छन् ,जसलाई लक्ष्मी र नारायणका संज्ञा दिएर हेरविचार गर्दै आएको उहाँको भनाइ छ। आश्रममका परोपकारी मन हुनेहरुले जन्मोत्सव,विवाउत्सव लगायत विभिन्न अवसरमा आएर सहयोग गर्ने गरेको उहाँले जानकारी दिनुभयो । "खानाको लागि खासै समस्या देखिदैन विभिन्न अवसरमा आएर खाना खुवाउने, खाद्यान्न सामग्री लिएर आउनुहुन्छ तर औषधी उपचारमा भने समस्या हुदै आएको छ" उहाँले आश्रममा हेरविचार र उपचार पछि पारिवारिक पुनर्मिलन पनि गराउँदै आएको बताउनुभयो । आश्रमका गण्डकी प्रदेश संयोजक होमनाथ तिमिल्सिना पोखरा -२५ हेम्जास्थित बावियातरामा मानवीय स्मारक (मानव सेवा धाम)को निर्माण कार्य भइरहेको र अहिले कोभिड -१९ का कारण निर्माण कार्य रोकिएको जानकारी दिनुभयो । सो धाम निर्माणका लागि प्रदेश सरकारको विशेष सहयोग रहेको छ।

एक अर्ब तीन करोडको लागतमा निर्माण हुन थालेको सो स्मारकको गुरुयोजना अनुसार पाँचसय क्षमताको सडक मानवता जागरण तालिम केन्द्र , बाल उद्यान, यात्रु सेवा सत्तल लगायतका आवश्यक संरचनाहरु हुनेछन्। विसं २०८० सम्ममा सडकमानव मुक्त बनाउन अभियान अनुसार पनि योजनाबद्ध कार्यमा लागेको उहाँको भनाइ छ।



सोलार प्यानल राख्ने स्टेन्डः शुक्लागण्डकी नगरपालिका-५, बेलचौतारास्थित तनहुँ सोलार फार्मले सोलार प्यानल राख्न निर्माण गरिएको स्टेन्ड । बार्षिक रु १३ लाख ५० हजार बुझाउने शर्तमा ११० रोपनी भानुभक्त बहुमुखी क्याम्पसको जग्गा पच्चीस वर्षका लागि भाडामा लिई कम्तिमा ५ मेगावट विद्युत निकाल्ने प्रयास गरिएको छ। विद्युत उत्पादनका लागि एनआरएन र स्थानीय व्यावसायीको रु ४० करोडमा ठेक्का लगाइएको हो। तस्बिरः सानेबहादुर नेपाली/ रासस

# नेपाल मुस्लिम युवा समितिको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ जेठ**

विश्वभर फैलिएको कोभिड-१९ को दोश्रो लहर अति नै खतरनाक र क्षतिपूर्ण रहेको अवस्थामा नेपाल मुस्लिम युवा समितिले सहयोग गरेको छ।

यसबाट बच्न मास्क, ह्यान्ड स्यानिटाइजर, फेस शिल्ड र पञ्जा प्रयोग गर्न र सामाजिक दुरी अपनाउन अत्यन्त जरुरी छ। यिनै कुराहरुलाई मध्यनजर गर्दै पोखरा, वडा न. १३- मियापाटन स्थित नेपाल मुस्लिम युवा समितिले निम्न संस्थाहरुलाई मास्क, फेस



शिल्ड र ह्यान्ड स्यानिटाइजरका साथै विभिन्न स्वास्थ्य सामाग्री सहयोग स्वरुप हस्तान्तरण गरेको छ। भावी दिनहरुमा पनि सम्पूर्ण संस्थाहरुसंगको समन्वय, साथ सदैव रहनेछ भनि नेपाल मुस्लिम युवा समितिका उपाध्यक्ष अब्बु बकर मियाले बताए।

# नेपालमा...

कुमार अधिकारीले जानकारी दिए। नयाँ भेरियन्टसँगै नेपालमा तीन किसिमका भेरियन्ट फेला परेका छन् । उहाँका अनुसार मन्त्रालयले सङ्क्रमित ३५ जनाको नमूनाको विश्व स्वास्थ्य सङ्गठनका सहयोगमा भारतमा अणुवांशिक (जिन स्क्विन्सिङ) जाँच गर्दा ९७ प्रतिशतमा नयाँ भेरियन्ट पत्ता लगाएको हो।

तीन प्रतिशतमा भने दोस्रो लहरको संक्रमण देखिएको छ। चौँतीस नमूना परीक्षणमा नयाँ भेरियन्ट देखिएको र एक जनामा मात्र पुराना भेरियन्ट देखिएको छ। नयाँ भेरियन्टलाई डब्लुएचओले सन् २०२१ मे १० मा भेरियन्ट अफ कन्सर्न भनी घोषणा गरिसकेको छ। डा अधिकारीले नयाँ भेरियन्ट सबै उमेर समूहमा धेरै संक्रामक र जोखिमपूर्ण हुने बताए।

इपिडिमियोलोजीतथासरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा कृष्ण पौडेलले भारतमा देखिएको भेरियन्ट नै अहिले यहाँ देखिएको नयाँ भेरियन्ट भएको जानकारी दिए । उनका अनुसार नयाँ भेरियन्ट धेरै मानिसमा सर्ने र जोखिमपूर्ण छ।

# फेदीखोला गाउँपालिकामा अनलाइनबाट नतिजा प्रकाशन

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ४ जेठ**

फेदीखोला गाउँपालिकाले अनलाइनमार्फत विद्यालयको नतिजा प्रकाशन गरेको छ । गाउँपालिकाले मंगलबार कक्षा ८ को नतिजा प्रकाशन गरेको हो।

नतिजा प्रकाशन कार्यक्रमको उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले शिक्षालाई प्रविधीमैत्री बनाउँदै लगिएको र मार्कसिटसहित विद्यार्थीको नतिजालाई पालिकाको वेभसाइटमा हेर्न सकिने बताए।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख रामचन्द्र गुरुङले परीक्षमा २ सय ३० जना विद्यार्थी सहभागी भएको र सबै विद्यार्थी उत्तिर्ण भएको जानकारी दिए । गाउँपालिकाले गत वैशाख १६ गते देखि २० गते सम्म परीक्षा सञ्चालन गरेको थियो। अन्य कक्षा १ देखि ९ सम्मको नतिजा भने विद्यलयले नै प्रकाशित गरेका छन् । कोरोना महामारीका कारण धेरै पालिका र विद्यालयहरू अन्योलमा रहेकै अवस्थामा फेदीखोला गाउँपालिकाले विद्यार्थीको नतिजा प्रकाशन गरेको हो।

# मौसममा पश्चिमी न्यून चापीय प्रणाली र चक्रवातको प्रभाव

**रासस**
**काठमाडौं, ४ जेठ**

हाल देशमा पश्चिमी न्यून चापीय प्रणाली तथा पूर्वीमध्य अरब सागरमा रहेको अति शक्तिशाली चक्रवात 'ताउ-ते' को प्रभाव देखिएको छ।

हाल पूर्वीमध्य अरब सागरमा रहेको शक्तिशाली चक्रवात 'ताउ-ते' उत्तर-उत्तर पश्चिम हुँदै गुजराततिर बढ्ने क्रममा रहेको छ। यस चक्रवातको प्रत्यक्ष प्रभाव नेपालमा नपरे तापनि केही असर नेपालको भू-भागमा पनि पर्ने जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । सो प्रणालीका कारण आज देशभर मौसम सामान्यदेखि पूर्ण बदली रहने छ। कर्णाली र सुदूर पश्चिम प्रदेशका थोरै स्थानमा मेघगर्जन/चट्याङ्ग सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ भने उच्च हिमाली भू-भागका केही स्थानहरूमा हल्कादेखि मध्यम हिमपात/वर्षाको सम्भावना छ।

त्यस्तै बुधबार पनि कर्णाली, सुदूरपश्चिम, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका पहाडी भू-भागका केही स्थानहरूमा मेघगर्जन/चट्याङ्सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। उच्च हिमाली भू-भागका केही स्थानहरूमा हल्कादेखि मध्यम हिमपात/वर्षाको सम्भावना रहेको महाशाखाले मंगलबार बुलेटिनमार्फत जनाएको छ। बिहीबार कर्णाली, सुदूरपश्चिम, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा र थोरै स्थानहरूमा भारी वर्षा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशको केही स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ।

# अक्सिजन कन्सन्ट्रेटरका लागि सहयोग जुट्यो

**पोखरापत्र संवाददाता**
**वालिङ, ४ जेठ**

वालिङस्थित गह्रौं प्राथमिक अस्पतालमा निर्माण गरिएको आइसोलेशनमा कन्सन्ट्रेटर आपूर्तिका लागि आर्थिक सहयोग जुटेको छ । वालिङनगरपालिकाको समन्वयमा विभिन्न सङ्घसंस्था तथा व्यक्तिहरूमार्फत अक्सिजन कन्सन्ट्रेटर खरीदका लागि १० लाखभन्दा बढी सहयोग जुटेको हो।

वालिङ नगरपालिकाले निर्माण गरेको आइसोलेशनमा प्रयोग गर्नका लागि इच्छुक ब्यक्ति तथा सङ्घसंस्थाहरूसँग आवश्यक स्वास्थ्य सामग्री सहयोगका लागि आह्वान गरेसँगै सहयोग आउने क्रम जारी रहेको नगरप्रमुख दिलीपप्रताप खाँणले जानकारी दिनुभयो । "अस्पतालमा ३५ शय्या क्षमताको अक्सिजन सिलिण्डरसहित सुविधासम्पन्न आइसोलेशन सञ्चालनमा ल्याएका छौँ", नगरप्रमुख खाँणले भन्नुभयो, "अक्सिजन सिलिण्डर भर्नका लागि पोखरा लैजान ल्याउन झन्झट हुने, समय लाग्ने र पछि पर्याप्त मात्रामा उपलब्ध नहुन पनि सक्ने सम्भावना भएकाले दश थान विद्युतीय अक्सिजन कन्सन्ट्रेटर खरीद गरेका हौँ।" आइसोलेशनमा प्रयोग गर्नका लागि विभिन्न व्यक्ति तथा सङ्घसंस्थाहरूले अस्पतालको खातामा वा नगरपालिका कार्यालयमा आएर चेक तथा नगद हस्तान्तरण गर्दै आउनुभएको नगरप्रमुख खाँणले बताउनुभयो। कोरोना महामारीको हटस्पटका रूपमा रहेको वालिङमा नागरिकस्तरबाट स्वास्थ्यसम्बन्धी उपकरणहरू उपलब्ध गराएर नगरपालिका तथा स्वास्थ्यकर्मीहरूलाई गरेको सहयोगप्रति नगरप्रमुख खाँणले आभार व्यक्त गर्नुभयो। "विभिन्न दाताहरूले उपलब्ध गराउनुभएको सहयोग रकमबाट अक्सिजन कन्सन्ट्रेटर खरीद गरिसकेका छौँ", प्रमुख खाँणले भन्नुभयो, "खरीद गरिएको सामान बुधबारसम्ममा वालिङ आइपुग्छ ।" अक्सिजन कन्सन्ट्रेटर खरीदका लागि व्यक्ति तथा सङ्घसंस्थाबाट आजसम्म दश लाखभन्दा बढी रकम सङ्कलन भइसकेको नगरप्रमुख खाँणले बताउनुभयो। भ्याटसहित प्रतिथान रु ७० हजारमा खरीद गरिएको हो।

## जनहितमा जारी जरूरी सूचना

मानव बस्तीमा चितुवा प्रवेश गरी विशेषगरी बालबालिकालाई आक्रमण गरी घाइते बनाउने एवं मारेर खानेसम्मका दुःखद घटनाहरु घटीरहेका छन् । यसरी चितुवाको आक्रमणबाट हुने जनधनको क्षति वर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं। यस किसिमका घटनाहरुबाट बच्नको लागि आफ्ना बाबुनानीहरुलाई साँझ बिहानको समयमा घरबाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा अभिभावकको साथमा सुरक्षित भएर निस्कौं।

आफ्नो बस्ती नजिकै चितुवा देखेमा वा बस्तीमा प्रवेश गरेको जानकारी प्राप्त भएमा नजिकैको सुरक्षा निकाय वा डिभिजन वन कार्यालयमा जानकारी दिने तर चितुवा देखिएको स्थानमा भिड जम्मा भई नजिकै जाने वा होहल्ला गर्ने वा चितुवालाई कुनै पनि तरिकाले जिस्काउने कार्य नगरौं।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
**सम्पर्क नः** ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०
**इमेलः** moitfe4@gmail.com


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९ः०० बजेदेखि बेलुकी ५ः०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ ।
– लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# एमाले कार्यदलले पाएको अवसर

विभाजनको डिलमा पुगेर फर्किएको नेकपा(एमाले) का दोस्रो तहका नेताहरू एकता बिथोलिने काम नगर्न दुवै पक्षलाई आग्रह गरेका छन । नेपालको प्रमुख राजनीतिक दल एमालेमा देखिएको विवादले अस्थिरता र अन्योल सृजना भएको छ । देशको पहिलो पार्टी र सरकारको नेतृत्व गरेको पार्टीलाई जोगाउन कार्यकर्ताको दबाब छ । कार्यकर्ता र मतदाताको दबाब पछि अध्यक्ष केपी शर्मा ओली र बरिष्ठ नेता माधवकुमार नेपाल पार्टीलाई मिलाउन दुई कदम पछाडि फर्किएका छन । दुई नेताबीच पटकपटक भएका वार्तापछि दोस्रो तहका नेताहरू रहेको विवाद मिलाउने कार्यदल बनेको छ । नेकपा (एमाले) भित्र देखिएका समस्या समाधान खोज्न गठित कार्यदलको पहिलो बैठक सकिएको छ । मंगलबार बसेको बैठकले विभाजनको कुराबाट अलग रहन आह्वान गरेको छ । एकताको आह्वानसँगै पहिलो बैठकले विभिन्न तीन निर्णय गरेको छ ।

कार्यदल बैठकले कार्यक्षेत्र, कार्यविधि र आचारसंहिता तयार गरी लागू गर्ने, पार्टीमा देखिएका समस्यालाई यथोचित रुपमा समाधान गर्दै पार्टीलाई एकताबद्ध रुपमा अघि बढाउन कार्यदलले पार्टी पंक्तिलाई सहयोग र सद्भावका लागि आग्रह गर्ने, पार्टी एकता र समझदारीलाई वृद्धि गर्न तथा एक आपसमा विश्वास, सहयोग र अन्तरविरोध सिर्जना हुने कामकुरबाट अलग रहन पार्टी पंक्तिलाई आह्वान गर्ने निर्णय गरेको छ । पार्टीको सबै विवाद चाँडोभन्दा चाँडो मिलाउने जिम्मेवारी दिएर पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री केपी ओली र वरिष्ठ नेता माधवकुमार नेपालले पाँच-पाँच सदस्यीय कार्यदल बनाएका छन । अध्यक्ष ओली समूहको कार्यदलको नेतृत्व पार्टी संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले पाएका छन् भने नेपाल समूहको कार्यदलको नेतृत्व पार्टी उपाध्यक्ष भीम रावललाई दिइएको छ ।


नेम्वाङ नेतृत्वमा बनेको ओली समूहको कार्यदल सदस्यमा विष्णु पौडेल, प्रदीप ज्ञवाली, शंकर पोखरेल र विष्णु रिमालसहित पाँच नेता रहेका छन् भने रावल संयोजकत्वमा बनेको नेपाल पक्षको कार्यदलमा घनश्याम भुसाल, गोकर्ण विष्ट, सुरेन्द्र पाण्डे र रघुजी पन्त सदस्य छन् । जनताको भावना र भूईतहका कार्यकर्ताको चाहनालाई बुझ्न सक्ने नेता कार्यदलमा रहेको हुँदा कुण्ठा,अहंकार पाल्ने नेतालाई पनि सहमतिमा ल्याउनुपर्छ । नेतृत्वलाई सहि बाटोमा ल्याउने क्षमता भएका कार्यदलका सदस्यहरूमा सिङ्गो पार्टीको ध्यान गएको छ । नेताको भन्दा कार्यकर्ता, शुभेच्छुक र मतदाताको मन जित्ने अवसरलाई सदुपयोग गरेमा एमालेलाई पहिलो राजनीतिक शक्ति बनाउन सक्नेछन् ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : मन चञ्चल |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : शारिरीक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

विपन्न समुदाय र जैविक विविधता सहयोगी संस्था, नेपाल
**नेलम्बो, नेपाल**
पोखरा-४, गैरापाटन
को अपिल
कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्डको पालना गरौं



उचित तरिकाले मास्कको अनिवार्य प्रयोग गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं
कम्तीमा १ मिटरको भौतिक दूरी कायम गरौं
/Nelumbonepal /Nelumbonepal /company/nelumbo-nepal /nelumbonepal


# जिपीलाई सङ्घीय सरकारको नौ करोड बजेट

**पोखरापत्र संवाददाता**
**दमौली, ४ जेठ**

सङ्घीय सरकारद्वारा शुक्लागण्डकी नगरपालिकास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई रु नौ करोड बजेट विनियोजन भएको छ ।

कोभिड लक्षित पूर्वाधार थप्न सङ्घीय सरकारले प्राथमिकता दिई बजेटको व्यवस्था गरेपछि उपचारमा सहज हुने भएको छ ।

उक्त केन्द्रमा पाँच भेन्टिलेटर र १०आइसीयू शयूया जडानका लागि रु छ करोड र अक्सिजन प्लान्ट निर्माण र अक्सिजन उत्पादनका लागि रु तीन करोड गरी जम्मा रु नौ करोड अर्थ मन्त्रालयले बजेट विनियोजन गरेको हो । अस्पतालमा भेन्टिलेटर र अक्सिजन प्लान्ट आफ्नै भएपछि उपचारमा थप सहज हुने विश्वास गरिएको केन्द्रका कार्यकारी प्रमुख डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । कोरोना सङ्क्रमण बढ्दो अवस्थामा रहेको र जिल्लामा अक्सिजन प्लान्टको आवश्यकता महसुस भएपछि तनहुँका प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ, केदार सिग्देल र राष्ट्रियसभा सदस्य भगवती न्यौपानेको विशेष पहलमा जिपीमा अक्सिजन प्लान्ट निर्माण हुन लागेको हो ।

अर्थ मन्त्रालयले अस्पतालमा अक्सिजन प्लान्ट निर्माण, भेन्टिलेटर र आइसियुका लागि रु नौ करोड बजेट विनियोजन गरेको छ । तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ (किसान) का अनुसार पाँच भेन्टिलेटर र १० वटा आइसियु शय्याका लागि रु ६ करोड र अक्सिजन प्लान्ट निर्माण र उत्पादनका लागि रु तीन करोड गरी कूल रु नौ करोड अर्थ मन्त्रालयबाट विनियोजन भएको छ । त्यस्तै, अर्थ मन्त्रालयले दमौली अस्पतालमा अक्सिजन प्लान्ट निर्माणका लागि अस्पतालको मागबमोजिम रु ३० लाख बजेट उपलब्ध गराउने निर्णयसमेत गरेको छ । दोस्रो लहरको कोरोना सङ्क्रमणको जोखिम बढेपछि उपचार केन्द्रले अक्सिजनसहित आइसोलेशन कक्ष तयार गरेको छ । कोरोना सङ्क्रमितको उपचारका लागि तनहुँका दशवटै स्थानीय तहको लागत सहभागितामा निर्माण सम्पन्न भएको भवन गत चैत ७ गते उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो ।

उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठका अनुसार हाल आइसोलेशन भवनमा ३० शय्या तयार गरिएको छ । आइसोलेशनमा प्रत्येक शय्यामा अक्सिजनको व्यवस्था गरिएको छ । रु ७२ लाखमा उपभोक्ता समितिमार्फत सम्पन्न भएको भवनमा शुक्लागण्डकी नगरपालिकाले १४, व्यास, भीमाद र भानु नगरपालिकाले १२/१२ प्रतिशत लागत सहभागिता बेहोरेका छन् । त्यस्तै, देवघाट गाउँपालिकाले पाँच, घिरिङ, म्याग्दे, ऋषिङ, आँबुखैरेनी र बन्दीपुर गाउँपालिकाले ९/९ प्रतिशत लागत सहभागिता बेहोरेका छन् ।

# दमौली अस्पतालमा अक्सिजन प्लान्ट जडान शुरु

**पोखरापत्र संवाददाता**
**दमौली, ४ जेठ**

गण्डकी प्रदेश सरकारले रु ७५ लाख विनियोजन गरेपछि सदरमुकामस्थित दमौली अस्पतालमा अक्सिजन प्लान्ट जडानकार्य अघि बढाइएको छ । कोभिड-१९ सङ्क्रमणको दोस्रो लहर तीव्र बनेसँगै अक्सिजनको अभाव हुन थालेपछि प्लान्ट निर्माण प्रक्रिया अघि बढाइएको हो ।

कोभिडका बिरामीका लागि अस्पतालले छुट्टै कक्षको स्थापना गरी उपचारको व्यवस्था मिलाइएको छ । अक्सिजन प्लान्टका लागि प्रदेश सरकारले रु ७५ लाख विनियोजित गरेकामा रु ५३ लाखमा बोलपत्र स्वीकृत भई काम शुरु गरिएको दमौली अस्पताल विकास समितिका अध्यक्ष प्रदीपराज अधिकारीले जानकारी दिनुभयो ।

बन्दाबन्दीको अवस्था भए पनि अत्यावश्यक क्षेत्र भएकाले उपकरण भारतबाट ल्याई छिट्टै प्लान्ट निर्माण गर्न लागिएको उहाँले बताउनुभयो । अक्सिजन प्लान्ट निर्माणपश्चात दैनिक १० सिलिण्डर उत्पादन गर्न सकिने छ । अस्पतालमा उत्पादन हुन थालेपछि अक्सिजन बाहिरबाट खरिद गर्नुपर्ने समस्याको अन्त्य हुने विश्वास गरिएको छ । आफ्नै प्लान्ट भएपछि अस्पतालमा अक्सिजनको अभाव नहुने र आपूर्तिमा विश्वसनीय हुने अस्पताल व्यवस्थापन समितिले जनाएको छ । कोरोना लक्षित बिरामीका लागि अस्पतालमा भेन्टिलेटरसहितको अलग उपचारकक्ष सञ्चालन गरी १६ सङ्क्रमितको उपचार भइरहेको अस्पतालका प्रशासन प्रमुख गुरुदत्त घिमिरेले बताउनुभयो ।

उपचारका लागि अहिले चार चिकित्सक र चार स्टाफ नर्स परिचालन गरी सेवा प्रदान गरिएको छ । दमौली अस्पतालमा छिमेकी जिल्ला लमजुङ, गोरखा र कास्कीका केही क्षेत्रका मानिस उपचारका लागि आउने अस्पतालले जनाएको छ ।

# कोरोना परामर्शका लागि 'डाक्टरसँग सरसल्लाह' कार्यक्रम

**–कृष्ण दवाडी**
**कास्की, ४ जेठ**

अस्पतालमा हुनेहरुलाई चिकित्सकले प्रत्यक्ष निगरानी गर्ने गरे पनि घरमै बस्नेहरु चिकित्सकीय परामर्शबाट वञ्चित भएकाले पोखरा महानगरपालिकाका युवाले उनीहरुलाई ध्यानमा राखी 'डाक्टरसँग सरसल्लाह' कार्यक्रम शुरु गरेका छन् ।

पोखरा -२४ मा क्रियाशील हाम्रो कास्कीकोट युवा सञ्जालले सङ्क्रमण तीव्र रुपमा बढ्दै जाँदा परामर्शका लागि नियमित रुपमा चिकित्सकसँग सरसल्लाह कार्यक्रम सञ्चालन गरेको हो ।

कास्कीकोट स्थायी घर भई हाल विभिन्न ठाउँमा कार्यरत चिकित्सकलाई दैनिक रूपमा भर्चुअल उपस्थित गराई परामर्श लिन सकिने व्यवस्था मिलाइएको छ । साँझ ६:३० देखि ७ :०० बजेसम्मको समय छुट्ट्याइएको सो कार्यक्रममा कोभिडका बिरामी, शंका लागेका, दीर्घरोगी तथा अन्य व्यक्तिले आफ्ना स्वास्थ्यसम्बन्धी जिज्ञासा सीधै चिकित्सकसँग राख्न सक्ने सञ्जालका संस्थापक संयोजक चन्द्रेश्वर बस्ताकोटीले बताउनुभयो ।

उहाँका अनुसार इन्टरनेटको पहुँच नभएका व्यक्तिले पनि तोकिएका नम्बरमा एसएमएस वा फोन सम्पर्क गरी आफ्ना जिज्ञासा राख्न सक्ने व्यवस्था मिलाइएको छ । डा सन्तोष अधिकारी, डा किरण बस्ताकोटी, डा नवराज बस्ताकोटी, डा असीम सुवेदी, डा दीपक मल्ल, डा विश्वराज बस्ताकोटीलगायत चिकित्सकले परामर्श दिँदै आउनुभएको छ ।

कोरोना सङ्क्रमित भएर घरमै आइसोलेशनमा रहेका बिरामीले लाभ लिन सकून् भन्ने उद्देश्यले सञ्चालित कार्यक्रममा जुनसुकै ठाउँबाट जोसुकै सहभागी हुन सक्ने सञ्जालका संयोजक हेम सुवेदी बताउनुभयो । प्रत्यक्ष अनलाइनमा जोडिन नसक्नेले संस्थाको युट्युब च्यानलमार्फत हेर्न सकून् भन्ने उद्देश्यले नियमित रूपमा युट्युबमा उक्त कार्यक्रमको भिडियो अपलोड गर्ने गरिएको र सोको जानकारी सामाजिक सञ्जालमार्फत दिइएको सञ्जालका प्राविधिक संयोजक इञ्जिनीयर रुद्रप्रसाद अधिकारीले जानकारी दिनुभयो

**अस्पतालमा स्वास्थ्य सामग्रीका लागि बजेट विनियोजित**

जिल्ला समन्वय समिति कास्कीले पोखरा र चार गाउँपालिकाका पालिकास्तरीय अस्पतालमा स्वास्थ्य संरचना, अक्सिजन बेडलगायत स्वास्थ्य सामग्री व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छ । समन्वय समितिको आज बसेको जुम बैठकले समितिको मौज्दात कोषबाट पालिकामा अत्यावश्यक स्वास्थ्य सामग्री व्यवस्थापनका लागि महानगरपालिकालाई रु ६० लाख तथा माछापुच्छ्रे, अन्नपूर्ण, मादी र रुपा गाउँपालिकालाई रु १० लाखका दरले रु ४० लाख बजेट विनियोजन गर्ने निर्णय गरेको हो । पालिकाको सिफारिशमा सम्बन्धित स्वास्थ्य संस्थालाई बजेट उपलब्ध गराइने बताइएको छ । जिल्लामा कोभिड-१९ को प्रभाव बढी देखिएको तथा जनशक्तिको सेवा अझै कम भएको देखिएकाले गाउँपालिका र महानगरपालिका क्षेत्रका सरकारी अस्पतालमा स्वास्थ्य सामग्री व्यवस्थापनमा सहयोग पुगोस् भनेर सो रकम प्रदान गर्ने निर्णय गरिएको समन्वय प्रमुख बैनबहादुर अधिकारी क्षेत्रीले जानकारी दिनुभयो । यसैगरी पोखरा-१६ स्थित मातृशिशु अस्पतालमा २० शयूयाको आइशोलेशनका लागि रु १५ लाख तत्काल महानगरको खातामा पठाउने निर्णय गरिएको उहाँले जानकारी दिनुभयो ।

बैठकले कोभिड-१९को महामारीबीच विभिन्न खाद्य एवं स्वास्थ्य सामग्रीमा अमानवीय तवरबाट कृत्रिम अभाव देखाउँदै अस्वाभाविक मूल्यवृद्धि भएको जनगुनासो आएकाले मानवीयतालाई ख्याल गर्न र स्थलगत अनुगमन गरी नियमनको प्रक्रियामा ल्याई सहज आपूर्तिको व्यवस्था मिलाउन सबैको ध्यानाकर्षण गरिएको छ ।

हालको महामारीको रोकथाम र नियन्त्रणका लागि जिल्ला समन्वय समितिका सम्पूर्ण पदाधिकारी सदस्य सहजीकरणमा अझै प्रभावकारी ढंगले लाग्ने निर्णय गरिएको समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो । यसैगरी समन्वय समितिले सरकारले जारी गरेको निषेधाज्ञाको पूर्ण पालन र स्वास्थ्य मापदण्डलाई आत्मसात् गरी घरमा नै रहन जिल्लावासीमा आग्रह गरेको छ ।

# भारतमा कोभिड-१९ का दैनिक सङ्क्रमितको संख्या घट्दै

**रासस**
**काठमाडौं, ४ जेठ**

कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट ठूलो क्षति व्यहोरिरहेको भारतमा विगत २४ घण्टामा सङ्क्रमित हुनेको सङ्ख्याा घटेको पाइएको छ ।

सोमबार त्यहाँका दुई लाख ८१ हजार ३६८ जना सङ्क्रमित थपिएकामा मंगलबार त्यसमा केही कमी आएको छ ।

गएको २४ घन्टा यता मंगलबार बिहान प्राप्त भएको समाचारमा भारतमा कोरोना सङ्क्रमितको सङ्ख्याा दुई लाख ६३ हजार जना मात्र पाइएको बताइएको छ । यो सङ्ख्याा गत अप्रिल २१ तारिख पछिकै सबैभन्दा कमी भएको भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मंगलबार जनाएको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टामा दुई लाख ६३ हजार ५३३ जना नयाँ सङ्क्रमित भेटिएका हुन् । सो मन्त्रालयले यहाँ अघिल्लो अप्रिल महिनाको तुलनामा हरेक दिन सङ्क्रमितको सङ्ख्याा घट्दै गएको देखिएको हो । अघिल्लो महिना यहाँ दैनिक कम्तीमा पनि चार लाख मानिसमा सङ्क्रमण देखिने गरेको थियो । त्यसैगरी यहाँका स्वास्थ्य अधिकारीले दिएको जानकारीमा गएको २४ घन्टायता यहाँका चार हजार ३२९ जनाको कारोना सङ्क्रमणबाट मृत्यु भएको छ । मंगलबार सार्वजनिक भएको यो तथ्यांकसँगै भारतमा कोरोना भाइरसको सङ्क्रमणबाट अहिलेसम्म दुई लाख ७८ हजार ७१९ जनाको ज्यान गएको पनि बताइएको छ । मन्त्रालयका अनुसार कोभिड-१९ सङ्क्रमितको कूल सङ्ख्याा दुई करोड ५२ लाख २८ हजार ९२९ पुगेको छ । भारतमा सङ्क्रमित व्यक्तिको सङ्ख्याा दैनिक तीन लाखभन्दा बढी नै देखिए पनि भारत सरकारले देशव्यापी लकडाउन भने नगर्ने जनाएको छ । तर कतिपय शहरमा भने लगाइएको छ ।

# डब्लुएचओ प्रमुख भन्नुहुन्छ – विश्व नै खोप विभेदको जोखिममा छ

**रासस**
**काठमाडौं, ४ जेठ**

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का महानिर्देशक टेड्रोस अधानोम घेब्रेससले धनी राष्ट्र र मध्य एवम् न्यून आय भएका मुलुकबीच कोभिड-१९ विरुद्धको खोप वितरणमा व्यापक असमानता रहेको बताउनु भएको छ । उहाँले सोमबार भन्नुभयो, पछिल्लो अवस्था हेर्दा विश्वमा खोप वितरणमा तीव्र विभेद छ ।

पेरिस पिस फोरममा सम्बोधन गर्दै महासचिव घेब्रेससले भन्नुभयो, "मेरो विचारमा विश्व नै खोप विभेदको जोखिममा छ, र यो रङ्गभेदी छ । तपाईंलाई थाहै छ, उच्च आय भएका मुलुकहरुको जनसङ्ख्याा विश्व जनसङ्ख्याको करिब १५ प्रतिशत छन् तर विश्वमा उत्पादित खोपको झण्डै ४५ प्रतिशत त्यहीँ छ । न्यून र न्यून-मध्यम आय भएका मुलुकहरुमा विश्वको झण्डै आधा जनसङ्ख्याा छ, तर खोप भने १७ प्रतिशत मात्र उपलब्ध छ । खोप वितरणमा ज्यादै ठूलो अन्तर प्रष्टै देखिएको छ ।"उहाँले विश्वका १२४ वटा देशमा करिब ६३ लाख डोज खोप पठाइएको छ, तर यो खोप ती देशको कूल जनसङ्ख्याको ०.५ प्रतिशत मात्र रहेको बताउनुभयो । खोप वितरणमा देखिएको यस किसिमको असमता हटाउन लगानी बढाउनुपर्ने, कोभाक्समा खोप उपलब्ध हुनुपर्ने तथा खोपको उत्पादन बढाउन प्रविधि हस्तान्तरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । महासचिव घेब्रेससले भन्नुभयो, "कतिपय उच्च आय भएका मुलुकले आफ्ना बालबालिका र किशोर किशोरीलाई खोप दिन थालिसकेका छन्, जबकी विश्वका धेरै देशमा अग्रपंक्तिमा काम गर्ने स्वास्थ्यकर्मी, ज्येष्ठ नागरिक र अन्य जोखिम समूहमा रहेका व्यक्तिले खोप लगाउनै पाएका छैनन् ।" यसअघि, अमेरिकी राष्ट्रपति जो बाइडेनले सोमबार आगामी छ हप्ताभित्रै आफूसँग रहेको आठ करोड डोज खोप उपलब्ध गराउने घोषणा गर्नु भएको थियो ।

राष्ट्रपति बाइडेनले भन्नुभयो, "आज, विश्वलाई नै मद्दत गर्न हामी नयाँ उपाय अवलम्बन गर्दैछौं । विश्वभर कोरोनाभाइरस नियन्त्रणमा नआउँदासम्म हामी महामारीबाट सुरक्षित भइहाल्ने अवस्था छैन । जतिसुकै अग्लो पर्खाल बनाए पनि वा जतिसुकै फराकिलो समुद्रले पनि हामीलाई सुरक्षित राख्न सक्दैन ।"

# कल्याणकारी कोषमा सहयोग जुट्दै

**रासस**
**तनहुँ, ४ जेठ**

नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाले स्थापना गर्न लागेको कल्याणकारी कोषमा सहयोग जुट्न थालेको छ ।

शाखाले कल्याणकारी कोष स्थापनाका लागि पत्रकार, शुभेच्छुक र सहयोगी संस्थालाई सहयोगका लागि आग्रह गरेपछि सहयोग जुट्न थालेको हो । शनिबार भर्चुअल माध्यमबाट सम्पन्न शाखाको बैठकले कोष स्थापना गर्ने निर्णय गरेको थियो ।

भानु नगरपालिका-९ पुर्कोटका समाजसेवी, प्रभु बैंकका पूर्वसञ्चालक, प्रभु लाइफ इन्स्योरेन्सका पूर्वअध्यक्ष तथा आशा लघुवित्त वित्तीय संस्थाका पूर्वअध्यक्षसमेत रहनुभएका श्रीराम पाण्डेले कोषमा रु २० हजार सहयोग गर्नुभएको शाखाका अध्यक्ष उज्ज्वल पौडेलले बताउनुभयो । त्यसैगरी व्यास-१ गल्बुबेंसी निवासी प्रदीप न्यौपानेले आर्थिक सहयोग गर्नुभएको छ । न्यौपानेले रु दुई हजार ५११ गर्नुभएको हो । लामो समय पत्रकारिता क्षेत्रमा क्रियाशील न्यौपाने पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य हुनुहुन्छ ।

# भोजले फैलायो पाहुनाले भित्र्याएको कोरोना

– सन्तोष गौतम
म्याग्दी, ४ जेठ (रासस)

म्याग्दीको बेनी नगरपालिका-४ मा पर्ने सिंगा र तातोपानी क्षेत्र कोरोना सङ्क्रमणको केन्द्र बनेको छ। तातोपानी कुण्ड स्नानका लागि आएका पाहुनामार्फत भित्रिएको कोरोना भोजभतेर र जमघटबाट टोल बस्ती हुँदै नागरिकका घरसम्म पुगेको छ।

सिंगाका वडाध्यक्ष गोविन्द पौडेलका अनुसार वडाभर हालसम्म ६५ भन्दा बढी सङ्क्रमित भइसकेका छन् भने दुई जनाको ज्यान गएको छ। स्वास्थ्य कार्यालय र प्रदेशको स्वास्थ्य निर्देशनालयले सोमबार सार्वजनिक गरेको बेनी नगरपालिकाका ५१ जना सबै सङ्क्रमित वडा नं ४ का हुन्।

वैशाख २७ गते नगरपालिकाका स्वास्थ्यकर्मीहरूले लक्षण देखिएका र सङ्क्रमितको नजिकको सम्पर्कमा रहेका ६७ जनाको सिंगामा स्वाब सङ्कलन गरेका थिए। "तातोपानी, सिंगा, बास्कुना, थामडाँडा, डाँडाखेत र सुर्केमेलामा बढी सङ्क्रमित छन। कतिले अझै परीक्षण गरेका छैनन", वडाध्यक्ष पौडेलले भन्नुभयो, "छुटेका र सङ्क्रमितको सम्पर्कमा रहेका व्यक्तिहरूको मङ्गलबार पुनः तातोपानीमा स्वाब सङ्कलन गर्दैछौँ।" गत वैशाख १४ गते तातोपानीका होटल व्यवसायीहरूलाई कोरोनाको लक्षण देखिएको थियो। वडाध्यक्ष पौडेलका अनुसार यसअघि बेनी नगरपालिकाको वडा नं ४ मा १६ सङ्क्रमित थिए। जिल्ला प्रशासन कार्यालयले म्याग्दीका तातोपानी कुण्ड बन्द गराउन निर्देशन दिनुभन्द्या अघिदेखि नै तातोपानीमा भित्रिएको कोरोना फैलिने क्रममा थियो।

तातोपानीको छिमेकी बस्ती सिंगा, सुर्केमेला, डाँडाखेत, बास्कुना र थामडाँडामा १४ गतेपछि चौरासी पूजा, विवाह, क्रिया कर्म, व्रतबन्ध जस्ता सांस्कृतिक कार्य भए र त्यहाँ भोजभतेर र जमघट भएको थियो। नागरिकहरू सचेत भइसकेका थिएनन्। मास्क, स्यानिटाइजरको प्रयोग र हात धुने अभ्यासप्रति ध्यान दिएनन्। प्रशासनले प्रतिबन्ध लगाएपनि सांस्कृतिक कार्यमा बाजागाजा, नाचगान र भोजभतेर चल्यो।

तातोपानी स्नान र भ्रमणमा आएका शहरी क्षेत्रका पाहुनामार्फत भित्रिएको कोरोना समुदायस्तरमा फैलाउन सांस्कृतिक कार्यले सहयोग पुगेको ठहर जिल्लास्थित सुरक्षा निकाय, जनप्रतिनिधि, प्रशासन र सरोकारवालाले गरेका छन्। फैलिएको कोरोना नियन्त्रण गर्न सिंगा, तातोपानीलगायतका बस्तीका बासिन्दाहरू घरभित्रै बसेका छन्। तातोपानीको उपल्लो र तल्लो बजार सोमबार दिउँसो सुनसान थियो। पसल तथा होटल बन्द थिए। मानिसहरू झ्यालबाट बाहिर हेरिरहेका थिए। उनीहरू कोरोनादेखि डराएको जस्तो वातावरण थियो। लक्षण देखिएका र सम्पर्कमा रहेकाहरूको स्वाब परीक्षण, उपचारका साथै थप फैलिन नदिन सचेतनामूलक कार्यक्रम गरिएको वडाध्यक्ष पौडेलले बताउनुभयो। उहाँले स्वास्थ्यकर्मीसहितको टोली सङ्क्रमितको घरमा पुगेर अवस्था बुझ्ने र हौसला दिन थालिएको बताउनुभयो। यसैबीच बेनी नगरपालिकाका ५१ सहित म्याग्दीमा सोमबार ८२ नयाँ सङ्क्रमित थपिँदा ५३ जनाले कोरोना जितेको स्वास्थ्य कार्यालयले जनाएको छ।

कोरोना जित्नेमा बेनीका तीन महिनाकोशिशुदेखि रघुगङ्गाका ८९ वर्षका वृद्धसम्म छन्। स्वास्थ्य कार्यालयका निमित्त प्रमुख एकनारायण लम्सालले पिसिआर विधिबाट गरिएको परीक्षणका क्रममा रघुगङ्गामा थप ११सङ्क्रमित भेटिएका छन्। चौध जनाको पिसिआर परीक्षण गरिएको थियो। उनीहरू सबै वडा नं ४ का हुन्। रघुगङ्गाको वडा नं ४ मा पर्ने दग्नाममा वैशाख तेस्रो साता भूमे पूजा भएको थियो। एन्टिजेन परीक्षणबाट रघुगङ्गामा तीन, धवलागिरिमा १४, मङ्गलामा दुई र अन्नपूर्णमा एक जनामा कोरोना पुष्टि भएको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख लम्सालले बताउनुभयो। धवलागिरिका सङ्क्रमित वडा नं २ लुलाङ र लम्सुङका हुन्।

हालसम्म ९६७ सङ्क्रमित रहेको म्याग्दीमा सक्रिय सङ्क्रमितको सङ्ख्या ४४४ जना छ। म्याग्दीबाट पठाइएको ४१६ वटा स्वाब नमूनाको नतिजा आउन बाँकी छ। वैशाख २२ गते रातिदेखि शुरु भएको निषेधाज्ञा जेठ १० गतेसम्म लम्बिएको छ।

परीक्षणको दायरा बढाए पनि पिसिआरको नतिजा आउन ढिलाइ हुँदा जोखिम र कोरोना नियन्त्रणमा चुनौती छ। पालिकास्तरमा आइसोलेशन सञ्चालन गरेका स्थानीय तहका जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरू लक्षण देखिएकाको परीक्षणका साथै होम आइसोलेशनमा बसेकालाई भेटेर हौसला बढाउने र रोग प्रतिरोधात्मक क्षमता बढाउने औषधि वितरण गरिरहेका छन्।

बेनी अस्पतालमा सञ्चालित आइसोलेशनमा बिरामीको चाप बढेको छ। सोमबार केही समय अस्पताल परिसरमा सङ्क्रमितलाई राखेर उपचार गर्ने ठाउँको अभाव भएको थियो।

पोखरा पठाएको सिलिण्डर भरेर आउन ढिलाइ हुँदा अक्सिजन अभाव हुने चिन्ताले चिकित्सक, स्वास्थ्यकर्मी र व्यवस्थापन समितिका पदाधिकारी चिन्तित देखिन्थे। बेनी अस्पतालको आइसोलेशनमा नौ पुरुष र सात महिला उपचाररत छन्। तीन जना निको भएर घर गएका छन्। उन्नाइस जनाको पिसिआर परीक्षणका लागि स्वाब सङ्कलन गरेको अस्पतालमा १२ को एन्टिजेन परीक्षण गर्दा नौमा सङ्क्रमण पुष्टि भएको छ। एन्टिजेन नेगेटिभ आएपनि चार जनालाई निगरानीमा राखेर उपचार गरिएको छ।



बाख्रामा कृत्रिम गर्भाधान गरिँदै : तनहुँ भिमाद नगरपालिका-९ पाथार्दीका किसान शिवकुमार आलेको बाख्रा फार्ममा बाख्रामा कृतिम गर्भाधान गर्दै पशु शाखा भिमादका शाखा प्रमुख मुक्ति नेपाली। बोर जातको बाख्रा पालनमा पाथार्दी नमुना गाउँको रुपमा परिचित रहेको छ। तस्वीर : रासस

# नगर अस्पताल कोभिड अस्पतालमा रुपान्तरण

पोखरापत्र संवाददाता
दमौली, ४ जेठ

कोरोना सङ्क्रमित बढ्दै गएपछि तनहुँका स्थानीय तह आइसोलेशन निर्माणका लागि अग्रसर भएका छन्।

सङ्क्रमितको उपचारका लागि जिल्लाका सबै स्थानीय तहले अक्सिजनसहित आइसोलेशन कक्ष तयार पारेका छन्। पछिल्लो समय भानु नगरपालिकाले १७ शय्याको आइसोलेशन कक्ष तयार पारेको छ। भानु नगरपालिका-५ स्थित पुरनडिही नगर अस्पतालमा नगरपालिकाले आइसोलेशन कक्ष तयार गरेको हो। नगरपालिकाले तयार पारेको आइसोलेशन कक्षको जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेको नेतृत्वमा अनुगमन गरिएको छ। कोरोना रोकथाम र न्यूनीकरणका लागि जिल्लाका स्थानीय तहले गरिरहेको प्रयास उल्लेखनीय रहेको वाग्लेले बताउनुभयो। वाग्लेले भानुले तयार गरेको आइसोलेशन कक्ष सन्तोषजनक रहेको प्रतिक्रिया दिनुभयो। प्रमुख जिल्ला अधिकारी सागर आचार्यले कोरोना महामारी नियन्त्रण र रोकथामका लागि जिल्लाका सबै स्थानीय तह अग्रसर भएर लागिपरेको बताउनुभयो। भानु नगरपालिकाका प्रमुख उदयराज गौली, उपप्रमुख आशा थापा, प्रहरी उपरीक्षक अरुण पौडेल, स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारी लगायतको सहभागिता थियो। आइसोलेशन कक्षमा शय्या थप गर्ने तयारी गरिएको नगरपालिकाका वरिष्ठ अधिकृत सुनिल पाण्डेले जानकारी दिनुभयो। अस्पतालमा अक्सिजनसहितको आइसोलेशन तयारी अवस्थामा राखिएको छ। नगरपालिकामा हाल आठ सक्रिय सङ्क्रमित रहेको र सबैको स्वास्थ्य अवस्था सामान्य रहेको स्वास्थ्य शाखाप्रमुख ऐश्वर्यचन्द्र भट्टराईले जानकारी दिनुभयो। नगरपालिकाले सबै वडामा कोरोना रोगसम्बन्धी परामर्शका लागि फोकल पर्सन तोकेको छ। वडा नं १ का लागि सन्तोष श्रेष्ठ, २ का लागि निर्मला अधिकारी, ३ का जितेन्द्र श्रेष्ठ, ४ का लागि सोविता राना, ५ का लागि डा सुरज श्रेष्ठ र स्मृति भण्डारी, ६ का लागि अञ्जु रानाभाट, ७ का लागि श्रीध्वज गुरुङ, ८ का लागि सुवास देवकोटा, ९ का लागि रश्मा पौडेल, १० का लागि अञ्जना अधिकारी र पाण्डव ढकाल, ११ का लागि देवीमाया गुरुङ, १२ का सुमन थापा मगर र सुश्मा गिरी र १३ का लागि रेवती सुनार फोकल पर्सन तोकिनुभएको छ।

# बागलुङका स्थानीय तहद्वारा ५५ लाखको कोरोना कोष स्थापना

–खेमराज गौतम
बागलुङ, ४ जेठ (रासस)

कोरोना महामारीसँग जुध्न बागलुङका दश स्थानीय तह एक जुट भएका छन्। स्थानीय तहले संयुक्तरुपमा रु ५५ लाखको कोरोना कोष स्थापना गरेका छन्। सोमबार बसेको जिल्लाका पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्षको वैठकबाट जिल्लाका सबै पालिकाले संयुक्त रुपमा सङ्कटसंग जुध्न कोष स्थापना गरेका हुन्।

कोषमा बागलुङ नगरपालिकाले रु. १० लाख र र अन्य पालिकाले रु. पाँच लाखका दरले जम्मा गर्ने निर्णय भएको हो। पालिकाले संयुक्त रुपमा स्वास्थ्य सामाग्री व्यवस्थापन, जनशक्ति व्यवस्थापन र शव व्यवस्थापन लगायतका कोरोनासंग सम्बन्धीत काममा खर्च गर्नका लागि संयुक्त रुपामा कोष स्थापना गरिएको बागलुङ नगर प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो।

"स्थानीय तहले आ-आफ्नै ढंगले तयारी थाल्नुभएको छ, त्यो प्रयाप्त छैन, किनभने कोरोना दर निकै बढ्दो रहेको छ" उहाँले भन्नुभयो "कतिपय कुरा स्थानीय तह एक्लैले नसक्ने अवस्था छ, एम्बुलेन्स, शव वाहन लगायतका सवारी सञ्चालनमा समेत साझेदारिताका लागि कोष स्थापना गरिएको हो।" जिल्लाको गलकोट, जैमिनी , ढोरपाटन नगरपालिका, निसीखोला तमानखोला, बडिगाड , ताराखोला, बरेङ तथा काठेखोला गाउँपालिकाले बागलुङ नगरपालिकाको समन्वयमा स्थापना गर्न थालिएको कोषमा पाँच लाखका दरले जम्मा गर्नेछन्।

कोषमा जम्मा भएको रकम सङ्क्रमितको उपचार गराउदै आएको धौलागिरी अस्पतालसंग समन्वय गरी खर्च गरिनेछ। यस्तै बैठकले स्वास्थ्यकर्मीको दरबन्दी परिपूर्तीको लागि संघ तथा प्रदेश सरकार संग आग्रह गरिएका छ। कोरोनाको पहिलो लहरमा समेत बागलुङका दश स्थानीय तहले संयुक्त रुपमा कोरोना संग जुध्न कोष स्थापना गरी काम गरेका थिए उक्त काम प्रभावाकारी भएको थियो यसैले दोस्रो लहरका लागि कोष स्थापना गरिएको काठेखोलाका अध्यक्ष अम्मर बहादुर थापाले जानकारी दिनुभयो। अहिले शव व्यवस्थापनका लागि बागलुङ नगरपालिकाले अस्थायी शव वाहनको व्यवस्थापन गरेको छ। नगरपालिकाको शव वाहन नगरपालिका भित्र मात्रै सेवा नदिएर जिल्लाभर सेवा दिन तत्पर रहेको नगरपालिकाले जनाएको छ। अहिले दश पालिकाका ४० कोरोना सङ्क्रमित धौलागिरी अस्पतालको आइसोलेशनमा उपचाररत् छन्। कोरोनासंग जुध्नका लागि बागलुङको धौलागिरी अस्पताललाई संघीय सरकारले रु. तीन करोड रकम विनियोजन गरेको छ। अस्पतालमा आइसियू, भेन्टिलेटर, अक्सिजन प्लान्ट, अक्सिजन ट्याङ्क लगायतका कार्य गर्नका लागि सो रकम विनियोजन गरेको अर्थ मन्त्रालयले जनाएको छ। कोभिड-१९ को रोकथाम, उपचार तथा नियन्त्रणका लागि अस्पतालहरुको क्षमता अभिवृद्धि र स्वास्थ्य सामग्रीका लागि मन्त्रालयले छुट्टाएको रु.४ अर्ब ३१ करोड ८५ लाख ६० हजार रुपैयाँको स्रोत सुनिश्चितता संगै जिल्लाको धौलागिरी अस्पतालमा रु तीन करोड बजेट विनियोजन भएको हो। मन्त्रालयका अनुसार देशका २६ वटा केन्द्रीय अस्पताल र ९ वटा प्रादेशिक अस्पतालमा भेन्टिलेटर, अक्सिजन प्लान्ट र अक्सिजन ट्यांकका लागि २ अर्ब ९५ करोड २० लाख रुपैयाँको सहमति दिइएको अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका शाखा अधिकृत किरण पौडेलले जानकारी दिनुभयो। अर्थ मन्त्रालयले द्रुत कार्ययोजना सम्पन्न गर्नका लागि बजेट विनियोजन गरेकाले कार्यान्वयनमा ढिलाई नहुने पौडेलको भनाई रहेको छ।

यस्तै केन्द्रीय र प्रदेशिक गरी २५ वटा अस्पताललाई एचडीयू स्थापनाका लागि १ अर्ब ३६ करोड ६५ लाख ६० हजार रुपैयाँको सहमति दिएको छ।

कोभिड-१९ को रोकथाम, उपचार तथा नियन्त्रणका लागि आवश्यक सबै उपाय अवलम्बन गर्ने नीति अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको माग अनुरुप मन्त्रालयले स्रोत सुनिश्चित गरेको जानकारी गराएको छ।

धौलागिरि अस्पतालमा कोरोनाका विरामी थेगी नसक्नुभएको सन्र्दभमा रु तीन करोड बजेट विनियोजन हुँदा अस्पताल व्यवस्थापन र विस्तारमा ठूलो राहत हुने धौलागिरि अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केबी राना मगरले बताउनुभयो। "सरकारले बजेट विनियोजन गरी कोरोना महामारीसंग जुध्न सहजता प्रदान गरेको छ", उहाँले भन्नुभयो, "बजेटको कार्यान्वयन र खरिद प्रकेया छोटो बनाएर ततकालै सेवा थप गर्नेगरी काम गर्न आवश्यक छ, त्यसका लागि खरीद प्रकृयामा स्वास्थ्य मन्त्रालयको ध्यान पुगोस्।" अस्पतालमा अहिले ४० सङ्क्रमितको उपचार भइरहेको छ भने जिल्लामा अहिले ८०० सक्रिय सङ्क्रमित छन्। अस्पतालमा तीन आइसीयू, दुई भेन्टिलेटर सहित ३५ शय्याको आइसोलेशन छ। चालीस सङ्क्रमितलाई उपचार गर्दा समस्या भएपछि क्षमता विस्तार र पूर्वाधार थप गर्न गण्डकी प्रदेश सरकारको सामाजिक मन्त्रालयले समेत रु.६० लाख रकम विनियोजन गरेको छ। संघीय सरकारले पठाएको बजेटले अस्पतालमा आइसीयू भेन्टिलेटर तथा शय्या थप हुनेछ भने अक्सिजन जम्मा गर्न सकिने ट्याङ्क समेत निर्माण हुने छ। बजेट विनियोजन अनुसार खरीद प्रक्रिया थाल्ने तयारीमा अस्पताल रहेको छ। अस्पतालमा जतिसक्दो छिटो थप आइसीयू, भेन्टिलेटर तथा क्षमता विस्तारका लागि निरन्तरको पहलपछि बजेट विनियोज भएको जनाइएको छ।

# कोरोनाबाट बच्न जीवनशैलीमा परिवर्तन गर्नुपर्ने

रासस
काठमाडौं, ४ जेठ

कोभिड-१९ को सङ्क्रमणबाट बच्न पूर्वीय दर्शनमा आधारित जीवनशैलीलाई अपनाउनुपर्नेमा जोड दिइएको छ। वाग्मती सफाइ महाअभियानको हामी साथ छौं कार्यक्रमले आज जुम प्रविधिबाट आयोजना गरेको 'के गर्ने? के नगर्ने?' विषयक अन्तरक्रिया कार्यक्रममा आयुर्वेदका वरिष्ठ चिकित्सक डा ऋषिराम कोइरालाले पूर्वीय दर्शनमा आधारित भान्सा पद्धतिलाई पुनःस्थापित गरिनुपर्नेमा जोड दिनुभयो।

प्राचीनकालदेखि नै भान्सामा जडीबुटी एवं औषधिजन्य चीजबीजको व्यवस्था हुने भएकाले आधुनिकताका नाममा त्यसलाई नबिर्सन उहाँले सुझाव दिनुभयो। भान्सामा जाँदा हातगोडा धोएर शुद्ध पहिरन लगाएर जाने, भान्सालाई एक जनाले नछोड्ने पद्धति पनि कति वैज्ञानिक रहेछ भन्ने बुझ्न कोरोना महामारीले अवसर दिएको चिकित्सक कोइरालाले सुनाउनुभयो। जैविक प्रविधिबाट उत्पादित अनाज उपभोग गरी सकारात्मक सोच राख्ने, दुःखमा पनि हाँस्ने, तनावमा नरहने गर्नाले कोरोना जस्ता महामारीबाट बच्न सकिने उहाँको सुझाव थियो। कार्यक्रममा मनोपरामर्शदाता कञ्चन रावतले अध्ययनले पाँचमध्ये चार जनालाई मनोसामाजिक समस्याले सताउने गरेको तथ्य पुष्टि भएको बताउनुभयो। चिन्ता, निराशा, लागुपदार्थको दुर्व्यसन, घरेलु हिंसा, यौन हिंसा बढेको, मानसिक स्वास्थ्य सेवाको पहुँच कम रहेकाले पनि सचेत हुनुपर्ने कार्यक्रममा उहाँले प्रस्तुत गर्नुभएको कार्यपत्रमा उल्लेख छ।

कोरोनाले बालबालिका, वृद्धवृद्धामा बढी समस्या देखिएकाले जोखिम वर्गका व्यक्तिलाई जोगाउन सरोकार भएका निकायको ध्यान जानुपर्ने उहाँको भनाइ थियो। जोखिममा रहेको समूहलाई लक्ष्य गरेर विशेष कार्यक्रम अघि बढाउन पनि रावतले माग गर्नुभयो। निषेधाज्ञाका कारण घरबाट काम गर्दा धेरै मानिसमा समस्या आएको, विशेषगरी महिला दोहोरो भूमिकाका कारण समस्यामा परेको, घरमा बच्चालाई व्यवस्थापन गर्नु पनि चुनौतीपूर्ण बन्न थालेकाले मानिस मानसिक रूपमा विचलित हुन सक्ने भएकाले तनाव व्यवस्थापनका लागि योग, प्राणायाम, ध्यान, व्यायाम, हिँड्डुल, हाँसखेल, मनोरञ्जनका कार्यक्रम पनि दैनिक रूपमा गरिनुपर्ने उहाँको सुझाव छ। महामारीका विषयमा चिन्ताको सट्टा चिन्तन गर्ने, अरूलाई सहयोग गर्ने गर्नाले शरीरमा आत्मबलका साथै रोग प्रतिरोधी क्षमतामा पनि वृद्धि हुने मनोविमर्शकर्ता रावतको सुझाव थियो। प्रेक्षा ध्यान शिक्षक किशोरसिंह शाहीले योग, प्राणायाम र ध्यानले महामारीका बेला शान्त रहन सहयोग गर्नाका साथै शरीरमा अक्सिजन आपूर्ति व्यवस्थापन प्रणालीलाई सक्रिय राख्न पनि सहयोग गर्ने बताउँदै जुमबाटै अभ्याससमेत गराउनुभयो। पूर्वमुख्यसचिव एवं वाग्मती सफाइ महाअभियानका मुख्य अभियानकर्मी लीलामणि पौडेलले दैनिक रूपमा प्राणायाम र योगको कार्यक्रमलाई जुमबाटै निरन्तरता दिइने प्रतिबद्धता जनाउनुभयो। धेरैलाई सामाजिक सञ्जालबाट जानकारी गराएर परोपकारी काम गरिने पनि उहाँले जानकारी दिनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि. स. २०१९/०३/१७ गते

स्वर्गारोहणः वि.स. २०७८/०२/०३ गते

स्वः आश कुमारी गुरुङ

देउपुर, पर्वत घर भै हाल पोउमनपा–९ निवासी यस समाजका सदस्य श्री बुद्धी बहादुर (प्रकाश) गुरुङको धर्मपत्नी **आश कुमारी गुरुङ** को ५९ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं। उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं। साथै यहि जेठ ६ गते पर्ने पुण्य तिथिको 'सेमेकैं' भात दिने कार्यक्रम लामा धर्म गुरुहरु र आफ्नै परिवारद्धारा मात्रै गरिने हुँदा यस महामारीको समयमा आफन्त, इष्टमित्रहरुलाई यस कार्यक्रममा उपस्थित नभैदिनुहुन् अनुरोध गर्दछौं।

**प्रेम कुमार गुरुङ**
**अध्यक्ष एवं**
**देउपुर गुरुङ समाज पोखरा परिवार**